# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# व्यास गाउँपालिका
## दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

**(सुदूरपश्चिम प्रदेश)**


पत्र संख्याः २०७८।७९

च.नं. ३२५ मितिः २०७९।३।१२

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

व्यास गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

दार्चुला ।

**कैफियत सहितको राय**

हामीले व्यास गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू. ३ करोड १० लाख ५८ हजार बेरुजु देखिएको छ । सोमध्ये मिति २०७८।६।१० मा प्राप्त प्रतिक्रियाबाट रु. १ लाख ५६ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु. १७ लाख ६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २१ लाख ७५ हजार, नियमित गर्नुपर्ने रु. ९५ लाख २२ हजार तथा पेश्की रु. १ करोड ७४ लाख ९९ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु. ६ करोड २५ लाख ४० हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ९ करोड ३४ लाख ४२ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, बैङ्क हिसाब मिलान नगरेको, सुत्रमा नसमेटिएको कारोवार, लेखापरीक्षण समिति गठन, अवण्डा बजेट, कार्य सम्पादन जमानत लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभुत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । व्यास गाउँ कार्यपालिका, व्यास गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## व्यास गाउँपालिका, दार्चुला

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७३ | २३ | ३१०५८ | ० | ३ | १५६ | ७३ | २० | ३०९०२ | १७०६ | ९५२२ | २१७५ | ० | ० | ११६९७ | १७४९९ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ६२५४० | ० | ० | ६२५४० | ० | ३०९०२ | ९३४४२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : व्यास गाउँपालिका, दार्चुला , ब्यास गाउँपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | chandra singh kunwar | २०७८-१-१९ | |
| कार्यालय प्रमुख | bhanu bhakta bhatt | २०७७-११-१ | |
| कार्यालय प्रमुख | shekhar chandra ojha | २०७६-९-११ | |
| कार्यालय प्रमुख | krishna nand badu | २०७८-१०-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | lok raj pant | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३०,९०२,२३० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २,४५,७६,१९७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७,२४,०९,३५० | चालु खर्च | २२,०३,२९,५२४.३ |
| प्रदेश सरकारबाट अनुदान | ३,२०,७२,००० | पूँजीगत खर्च | ११,८८,३४,०१७.५ |
| राजश्व बाँडफाँट | ५,५३,५६,२१० | वित्तीय/अन्य व्यवस्था | ७,६७,६४,२२२ |
| आन्तरिक आय | २८,५०,८०६.८१ | | |
| अन्य आय | ६,५७,४१,५४८.५ | | |
| कुल आय | ४२,८४,२९,९१५.३१ | कुल खर्च | ४१,५९,२७,७६३.८ |
| बाँकी मौज्दात | | ३,७१,३१,५११ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय र वित्तिय व्यवस्था**<br>**परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस ब्याँस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस ब्याँस गाँउ पालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, ८३९.२५वर्ग किलोमिटर क्षेत्रफल तथा १३ हजार जनसंख्या रहेको छ ।<br><br>**वित्तिय विवरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>· त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।<br>· यस पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>· यस पालिकाले बैंक समायोजन हिसाब तयार गरि हिसाव मिलान गरेको तथा खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु १०७३४६३.०० ले फरक देखिएको छ ।<br>सुत्रको माध्यम मार्फत तयार प्रतिबेदनमा स्थानीय तहको चालु तथा बिगतको पेश्की तथा बिभिन्न कोषको कारोबारको पुर्ण प्रतिनिधित्व हुन सकेको छैन । | |
| २ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. २४५७६०४७ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. २४५७६०४७ जिम्मेवारी सारेको देखियो । | |
| ३ | | | **बैंक हिसाब मिलान नगरेको** | १,०७३,४६३ |

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६ (२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| स्थानीय सञ्चित कोष खाता | 0 | 0 | 0 |
| धरौटी खाता | ४६०५७४३ | ४६०५७४३ | 0 |
| कोभिड कोष खाता | १६२७५४६ | ६२७५४६.०० | १००००००.०० |
| कर्मचारी कल्याण कोष खाता | 0 | 0 | 0 |
| आन्तरिकराजश्व खाता | २८५०८०७ | २८५०८०७ | 0 |
| वाडफाडबाट प्राप्त राजश्व खाता | २८३५४८ | २८३५४८ | 0 |
| चालुखर्च खाता | ६२६२२१२ | ६३३३७१२.०० | ७१५००.०० |
| पुजिगतखर्च खाता | २०८०८०८५ | २०८०८०८५ | ० |
| विविधखर्च खाता | १४२५९६२ | १४२७९२५.०० | १९६३.०० |
| जम्मा | ३७८६३९०२.९ | ६६९१५४९०.०१ | १०७३४६३.०० |

४

**आन्तरिक नियन्त्रण**

आन्तरिक नियन्त्रण प्रणाली

:

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमादेखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

· निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

· पालिकाले २०७७/०७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेकोपाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | · दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br><br>. वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>. जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्प**m**बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने**,**मासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय**,** अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **सुत्रमा नसमेटिएको कारोवार**<br>यस गाउपालिकाको आ.व २०७६।७७ देखि सुत्र प्रणालीमा आर्थिक कारोवार सन्चालन गरेको छ।उक्त प्रणाली कार्यान्वयनमा भएता पनी लागुहुनु पुर्वका फछ्यौट हुन बाँकी पेश्कीहरुको अभिलेख तथा फर्छ्यौट अध्यावधिक नगरिएकोले यस प्रणालीले समेट्न सकेको देखिएन। त्यसैगरि बिगतका कोषहरु पनि यसमा पूर्ण रुपमा नसमेटीएको अवस्था देखियो । पेश्की फछ्यौट घटी बढी र पेश्की रकमको अभिलेखको बैकल्पिक व्यवस्था उक्त सप्टवेयरमा उपलव्ध नभएको देखिएकोले बिगतको आर्थिक कारोबार संग सम्बन्धित क्रियकलापको वित्तिय विवरणले प्रस्तुत गर्न सकेको दिखिएन, साथै बजेट वाँडफाँड तथा रकमान्तर र सामान्य गल्तिका कारण बजेट निकासा तथा खर्चको हिसाव मिलान र संशोधन अवस्थामा पनि यसको प्रयोग कार्यान्वयन निकायका आधिकारिक व्यक्तिवाट तत्काल हुन नसक्ने अवस्था रहेको जानकारी भएकाले यस्ता समस्याको समाधानतर्फ समेत सम्बन्धित निकायको ध्यानाआकर्षण आवश्यक देखियो। | |
| ६ | | | **लेखापरीक्षण समिति गठन** | |

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ ले प्रतेक स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र सो वाट औंल्याईएका व्यहोरमा सुधार भए नभएको परीक्षण तथा आवस्यक कारवाहि गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्ने यो समितिले गरेको काम कारवाहिको प्रतिबेदन स्थानीय तहका प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था भएता पनि ऐनको उक्त व्यवस्थाको कार्यान्वयन यो स्थानीय तहवाट कार्यान्वयन भएको नदेखीएकोले ऐनमा भएको व्यवस्था गरिनु पर्दछ । | |
| ७ | | | **आयोजनाहरुको फरफारक**<br>स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८४ प्रमखु प्रसासकीय अधिकृतको व्यवस्था गरी र निजका काम कर्तव्य तथा अधिकार तोकेको छ । यसै दफाको उपदफ २ (ङ) मा आयोजनाहरूको फरफारकका लागि प्रतिबेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने काम तोकिएकोमा यस स्थानीय तहमा उक्त व्यवस्थाको कार्यान्वयन भएको देखिएन । कार्यान्वयन गरिएका आयोजना तथा योजनाको कार्यपालिकावाट मूल्याँकन भई देखिएका कमीकमजोरी समयमै सुधार गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरेको देखिएन ।अत सन्चालित आयोजनाको सन्चालनमा भएको खर्चको मूल्याँकन कार्यपालिकावाट हुन सकेको नदेखिएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरिनु पर्दछ । | |
| ८ | | | **खर्च सार्वजनिकीकरण**<br>सार्चजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आपूmले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिमार्फत काम गराएकोमा सवै उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट, खर्च पूर्णरुपमा सार्वजनिक गरेको पाइएन । नियममा भएको व्यवस्थाको पूर्णरुपमा पालना हुनुपर्दछ । | |
| ९ | | | **कानून निर्माण र कार्यान्वयन**<br>लेखापरीक्षण प्रतिवेदन उपर छलफल<br>:<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । | |

<table>
<tr><td></td><td></td><td></td><td>लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म ३८ वटा ऐन, नियमावली, कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ । साथै पालिकाले ३८ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको अधिलेख राखेको तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>कार्य सञ्चालन कार्यविधि<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड बनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ ।<br>
<table>
<tr><th>क्र स</th><th>कार्यक्रमको नाम</th></tr>
<tr><td>१</td><td>अध्यक्ष भलिवल प्रतियोगिता</td></tr>
<tr><td>२</td><td>उपाध्यक्ष संग किशोरी लक्षित कार्यक्रम</td></tr>
<tr><td>३</td><td>उपाध्यक्ष कोशिली कार्यक्रम</td></tr>
<tr><td>४</td><td>अध्यक्ष अक्षयकोष</td></tr>
<tr><td>५</td><td>एकल महिला सग उपाध्यक्ष कार्यक्रम</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>न्यायिक समिति</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ यो बर्ष थप भएको १८ गरी कूल २१ विवाद दर्ता भएकोमा २० वटा मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १३ | | | योजना तर्जुमा, बजेट तथा कार्यक्रम | |
| १४ | | | व्याँस गाउँपालिकाबाट दार्चुलाको सदरमुकाम खलगां सम्म आउने सडकको स्तरोन्नतीकार्य समयमै नहुँदा बर्षायामको समयमा तथा बाढी पहिरो आउँदा आवागमनमा असहजता हुन गइ व्यासबासीको जनजीवनका साथै त्यँहाको सामाजिक आर्थिक विकासमा पनि असर गरेको पाइयो। बाटोघाटो एवम सडकको यथेष्ट पहुँच एवम व्यवस्थापन नहुँदा विद्यालय, स्वास्थ्यचौकी, भवन, आदि जस्ता पुर्वाधारहरु निर्माण गर्नको लागि राज्यको स्रोत साधन विकास निर्माणमा केन्द्रित हुन नपाई ढुवानी भाडा तथा अन्य क्षेत्रमा अनावश्यक खर्च हुने गरेको पाइएकोले यस गाउपालिकाले सदरमुकाम खलगां देखी गाउँपालिका सम्म जोड्ने सडकलाई स्तरोन्नती गरी सहज आवातजावत बनाउने तर्फ पहल गर्नुपर्नेमा गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेटमा उक्त समस्या समाधानको लागी यथेष्ट रुपमा सम्बोधन नभएको पाइयो। त्यसकारण व्यास गा. पा. ले जिल्ला सदरमुकाम जोड्ने सडकको स्तरोन्नती गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ। व्यासको समग्र सामाजिक आर्थिक विकासको लागि वितरणमुखी कार्यक्रमहरुलाई निरुत्साहित गर्दै जनजीवनमा टेवा पु¥याउने खालका नीति तथा कार्यक्रम तर्जुमा गरी आवश्यक बजेट छुट्टयाउनुपर्ने देखिन्छ । | |
| १५ | | | व्याँस गाउँपालिकाको अभिलेख अनुसार यस गाउँपालिकाभित्र महाकाली नदीमा करीब १७ वटा तुइन १ वटा काठेपुल एवम २ वटा झोलुगें पुल सञ्चालनमा रहेको जानकारी पालिकाले गराएको छ । तुईन बिस्थापनको घोषणा २०७२ मै भएपनि यसले यस गाउँपालिकामा सार्थकता पाउन सकेको देखिएन ।यस्तो अवस्थामा पनि यस पालिकामा आवत जावत गर्ने आम जनतालाई आवतजावत गर्न सास्ती भएकोअवस्था भएता पनि गाउँसभाले उक्त समस्या समाधान गर्न यथेष्ट मात्रामा बजेट व्यवस्थापन गरेको पाइएन । वार्षिक नीति, कार्यक्रम तथा बजेटमा व्यास गा. पा. को दिगो विकास, आर्थिक वृद्धि र समस्त जनजीवनमा प्रत्यक्ष लाभ पुग्ने खालका दिगो कार्यक्रम तथा योजनाहरु यथेष्ट मात्रामा नसेमेटिएकोले सडक निर्माण, सडक स्तरोन्नती, झोलुगें पुल निर्माण, अस्पत्ताल र विद्यालय निर्माण, ग्रामीण उद्योग सञ्चालन जस्ता परिणाममुखी र दिगो परियोजना, कार्यक्रमहरु सञ्चालन गरी आवश्यक बजेट छुट्टयाएमा व्यास गा. पा.को सामाजिक आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ । | |
| १६ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा | |

<table>
<tr><td></td><td></td><td></td><td>बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>योजनासंख्या</td><td>रकम</td></tr>
<tr><td>१</td><td>रु १ लाखभन्दा कमको योजना</td><td>८९</td><td>४४५००००</td></tr>
<tr><td>२</td><td>रु एक लाखएक देखि पाँच लाख सम्मका योजना</td><td>१२०</td><td>४६२५००००</td></tr>
<tr><td>३</td><td>रु ५ लाखदेखि १० लाख सम्मका योजना</td><td>८</td><td>४५०००००</td></tr>
<tr><td>४</td><td>दश लाख एकदेखि ५० लाख सम्मका योजना</td><td>१०</td><td>२००००००००</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२२७</td><td>७११९५०००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुख श्री हेमा भट्ट ले २०७७।३।१० गते रु. ३४२१०३३२३।०० को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।४।०१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले म्यादमा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>अबण्डा बजेट<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ४ करोड ३८लाख ५१ हजार ७ सय अबण्डा कार्यपालिकाको निर्णयअनुसार खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

१९

**खर्च व्यवस्थापन**

चौमासिक पूँजीगत खर्च

:

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा खर्च | ११,८८,३४ | १६९४ | ४,७८,०३ | ७६३५६ | ५४८०८ |
| प्रतिशत | १०० | १.५ | ३४ | ६४.५ | ४६ |

२०

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७/०७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३५६९६३५० | ३३६६६८४९ | ९४.३१ |
| सामाजिक क्षेत्र | १५३१०३००० | १३४९१७७७९।६ | ८८।१२ |
| पूर्वाधार विकास क्षेत्र | ११२७०५७०० | ८७६२१७२८।५ | ७७।७३ |
| वातावरण तथा विपद् व्यवस्थापन | | | |
| संस्थागत विकास र सेवा प्रवाह | | | |
| वित्तीय व्यवस्थापन र सुशासन | ३०५७८००० | २८४४९८९०।६ | ९३।०४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ७२२८९३२० | ५४५०७२९४।१४ | ७५।४ |
| **जम्मा** | **४०४३७२३७०** | **३३९१६३५४२** | **७९।८७** |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७/०७८ को कूल खर्च मध्ये सबैभन्दा बढी आर्थिक विकास मा ९४.१३प्रतिशत र सबै भन्दा घटी कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा मा ७५.४प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

२१

**खर्च विश्लेषण**

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. २४५७६१९६. ७१ राजस्व बाँडफाँड र अनुदानबाट रू. ३५९५५४०१२.३ समेत रू. ३८४१३०२०९।०८आम्दानी भएकोमा चालु तर्फ रू. २२०३२९५२४.33 र पूँजिगत तर्फ रू.११८८३४०१७।५० र बित्तिय ब्यबस्था तर्फ रू. ०० समेत रू. ३३९१६३५४१.१३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७।२४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १०२७९००० खर्च भएको छ जुन आन्तरिक आयको ४१.८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५ प्रतिशत चालु र ३५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

२२

**पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

<table>
<tr><td></td><td></td><td></td><td>पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ५०००० भुक्तानी दिएको पाईयो ।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>अर्जुन सिह धामि</td><td>कडा रोगि राहत</td><td>५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५००००</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको ४ प्रतिशत र अन्य सानातिना खर्च ६० प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन<br>कल्याण कोष<br>:<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु३०००००।००ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । एनको व्यवस्था कार्यान्वयन गरी कोषको संचालन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>सेवा प्रवाह व्यवस्थापन<br>वडा सचिवको पदपूर्ति<br>:</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।<br><table><tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr><tr><td>६</td><td>६</td><td>६</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :</td><td></td></tr>
</table>

| विवरण | जम्मा |
| --- | --- |
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ५९७ |
| मृत्युदर्ता | १५८ |
| बसाईसराई दर्ता | १५ |
| विवाह दर्ता | ९७ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **प'र्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | मि. |
| कालोपत्रे सडक मर्मत | 0 |
| ग्राभेल सडक निर्माण | कि.मि. |
| ग्राभेल सडक मर्मत | कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

२८

**पदाधिकारी सुविधा**

बैठक भत्ता

:

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी (पहिलो संशोधन) ऐन २०७६ को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले यस ऐनको अनुसूचि १क , १ख, र १ग मा उल्लिखित सुविधा उपलब्ध हुने व्यवस्था छ । तर पालिकाले पदाधिकारी सुविधा सम्बन्धी कानूनले तोक भन्दा बढी दिनको सभा, कार्यपालिका, वडा लगायतको बैठक भत्ता वापत रु ३८७०००।०० खर्च लेखेको छ ।

२९

**चालुतर्फ**

५१,०००

स्थानीय सरकार संचालन ऐन २०७४ तथा पदाधिकारी सेवा सुविधा ऐन २०७५ र संशोधन २०७६ मा पदाधिकारीले स्थानीय तहमा अनुगमन गरेको भत्ता पाउने सम्वन्धमा कुनै ब्यवस्था रहेको देखिदैन।निम्न पदाधिकारीले अनुगमन गरे बापतको रकम असुल गर्नु पर्ने

| गो भौ नं र मिति | पदाधिकारीको नाम | अवधि | रकम |
|---|---|---|---|
| ४५।०७७।९।२७ | दिलिपसिंह बुढाथोकी | ०७७।८।८ देखि ०७७।८।१४ र ०७७।६।९ देखि ०७७।६।१५ | २००००। |
| १५८।०७८।१।१३ | हेमा भट्ट | ०७८।१।२ देखि ०७८।१।८ र ०७७।११।२० ०७७।११।२६ | २००००। |
| ६१।०७७।१०।१४ | संग्रामसिंह विष्ट | ०७७।८।२२ देखि ०७७।८।२८ | ८५००। |
| ६१।०७७।१०।१४ | अशोकसिंह बोहरा | ०७७।५।२१ देखि ०७७।५।२७ र ०७७।६।३ देखि ०७७।६।९ | १६०००। |
| ६४।०७७।९।३१ | मनोजसिंह कुवर | ०७७।८।१७ देखि ०७७।८।२३ र ०७७।६।२२ देखि ०७७।६।२८ | १५०००। |
| १४३।०७७।१।१० | मंगलसिंह धामि | ०७७।१२।२० देखि ०७७।१२।२६ | ८५००। |
| १४।०७८।१।१२ | उपेन्द्रसिंह धामि | ०७७।१२।२० देखि ०७७।१२।२६ | ८५०० |
| ६४।०७७।१०।२५ | वासुदेबसिंह एसवाल | ०७७।५।१० देखि ०७७।५।१६ र ०७७।६।१२ देखि ०७७।६।१८ | २००००। |
| | | जम्मा | ११६५००। |

**प्रतिक्रियाः** मिति २०७९।१।२७ को निर्णयले आंशिक लगत कट्टा गरी रु. ५१००० मात्र लगती बेरुजु असूल गर्नुपर्ने जसमध्ये अशोक सिंह बोहरा रु. १६०००, मनोजसिंह कुँवर रु. १५००० र बासुदेव सिंह एसवालको रु. २०००० को मात्र असूल गर्नुपर्ने ।

<table>
<tr><td>३०</td><td></td><td></td><td>८१/०७७/१०/२५ आयकर ऐन २०५८ अनुसार भुक्तानीमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एभरेष्ट होटल वियरवार एण्ड स्टेशनरीलाई रु ११४४८० भुक्तानी गर्दा १७१७२ कर कट्टी गर्नु पर्नेमा रु १७१७ मात्र कर कट्टी गरेकाले नपुग रकम रु</td><td>१५,४५५</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>१५७/०७८/१/१३ आयकर ऐन २०५८ अनुसार बहाल कर १० प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था छ । पालिकाले बहालकर वाफत रु ८६००० को १० प्रतिशतले ८६०० कर कट्टी गर्नु पर्नेमा रु ५६०० मात्र कर कट्टी गरेकोले नपुग कर रु ३००० असुल गरि राजश्व दाखिला गर्नुपर्ने रु</td><td>३,०००</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>लागत अनुमान<br>सार्वजनिक खरिद ऐनको दफा ५ अनुसार रु १ लाख भन्दा बढीको खरिदमा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले ऐन विपरित लागत अनुमान तयार नगरि खरिद गरिएकोले नियम संगत नदेखिएको रु
<table>
<tr><td>भौ नं र मिति</td><td>विवरण</td><td>सप्लायर्सको नाम</td><td>रकम</td></tr>
<tr><td>१६८/०७८/१/१९</td><td>ल्यापटप+डेक्सटप</td><td>निट कम्प्यूटर प्रा लि</td><td>४०४८००</td></tr>
<tr><td>१८२/०७८/२/१९</td><td>स्टेशनरी</td><td>लटिनाथ स्टेशनरी</td><td>४१००००</td></tr>
<tr><td>२२३/०७८/२/२८</td><td>स्टेशनरी</td><td>लटिनाथ स्टेशनरी</td><td>४६४४३०</td></tr>
<tr><td>२३५/०७८/३/४</td><td>डिभाइस जडान</td><td>पासा टेक प्रा लि</td><td>१६९५००</td></tr>
<tr><td>२३६/०७८/३/४</td><td>प्रिन्टर लगायत</td><td>मालिका कम्प्यूटर</td><td>२८२५००</td></tr>
<tr><td>२३७/०७८/३/४</td><td>फर्निचर</td><td>रतन फर्निचर</td><td>११६७००</td></tr>
<tr><td>२४२/०७८/३/१५</td><td>फर्निचर</td><td>वीर इन्टरनेशनल</td><td>४९८८९५</td></tr>
<tr><td>२५३/०७८/३/२१</td><td>स्टेशनरी</td><td>निरपाल ट्रेडिङ</td><td>४९९४००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२८४६२२५</td></tr>
</table></td><td>२,८४६,२२५</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>सम्बन्धित फर्म वा सप्लायर्सको नाममा नै भुक्तानी गर्नुपर्ने</td><td></td></tr>
</table>

यस पालिकामा विभिन्न फर्म सप्लायर्स सामान खरिद गरेपछि सम्बन्धित फर्म सप्लायर्सको नाममा भुक्तानी नगरी कर्मचारी र जनप्रतिनिधिको खातामा रकम जम्मा गर्ने प्रवृति देखिएकाले खरिद कार्य पारदर्शि र स्वच्छ छ भन्न सकिदैन त्यसैले यस्तो कार्य लाई निरुत्साहित गर्नु पर्ने देखिन्छ । जस्तै उदाहरण

| भौचर नं | विवरण | सप्लायर्सको नाम | रकम बुझ्ने पदाधिकारि वा कर्मचारीको नाम | रकम रु |
|---|---|---|---|---|
| १९६।०७८।२।१७ | विजुलिका साम | धामी वायरिङ सेन्टर | वडा नं ४ वडा अध्यक्ष संग्राम सिह विष्ट | ४३३६५ |
| १६९।०७८।३।२४ | सामसुङ नोट अल्ट्रा मोबाइल | स्मार्ट जोन | गा पा अध्यक्ष दिलिप सिह बुढाथोकी | १३६८०० |
| १८।०७८।२।१९ | विविध खर्च | भण्डारी चिया नास्ता एण्ड वाइन सेन्टर | वडा सचिव विनोद सिह बुढाथोकि | ९९९०० |
| ७४/०७८।८।१९ | स्टेशनरी | ज्ञान ज्योती स्टेशनरी | उपाध्यक्ष हेमा जोशी | ४३६५० |
| ७७/०७८।२।१९ | स्टेशनरी+विउ विजन खरिद | लटिनाथ स्टेशनरी +जोशी एग्रोभेट | वडा सचिव विनोद सिह बुढाथोकी | २००००० |

| | | | | |
|---|---|---|---|---|
| ३४ | | | २६८/०७८/३/२४ गाउपालिकालाई विनियोजित गरेको वित्तिय सामानिकरणको रकम तोकिए बमोजिमको शिर्षक बाहेक अन्यमा खर्च गर्न नपाइने व्यवस्था छ । यस पालिकाले सिद्ध मा वि सिना र बसन्तपूर मा वि बसेडीमा निजि श्रोतबाट व्यहोर्ने गरि नियुक्त शिक्षक जयानन्द विष्ट र हरिश बहादुर बम लाई परामर्श शिर्षक वित्तिय समानिकरण बाट रु ३४०००० भुक्तानी भएकोले नियम संगत नदेखिएको रु | ३४०,००० |
| ३५ | | | २५६/०७८/३/२१ सार्वजनिक खरिद नियमावली २०६४को नियम १९ अनुसार कुनैपनि भुक्तानी गर्दा कर विजक पेश गर्नु पर्छ । पालिकाले घुम्तिकोष व्यवस्थापन कार्यक्रम सम्झौता बमोजिम सम्पन्न गरेको भनि राजाकोट युवा क्लवलाई रु ५००००० भुक्तानी गरेको छ । यसरी भुक्तानी गर्दा क्लवले कार्य सम्पन्न प्रतिवेदन समेत पेश गरेको देखिदैन । सार्वजनिक खरिद ऐन नियमावली को मर्म अनुसार कार्य सम्पन्न प्रतिवेदन र कर विजक पेश गर्नु पर्ने रु | ५००,००० |
| ३६ | | | १७८/०७८/२/१९ पत्रपत्रिकामा सूचना विज्ञापन प्रकाशित गर्दा विभिन्न राष्ट्रिय स्तरका पत्रिकाले २५ प्रतिशत छुट सुविधा उपलब्ध गराउने गरेकाले छन् । यस पालिकाले पनि नेपाल समाचार पत्रमा हेराल्ड मेडीया एण्ड एडभरटाइजिङ मार्फत विज्ञापन छपाइ गरि हेराल्ड मेडियालाई रु १३०२०० मू अ कर बाहेक भुक्तानी गरेको छ । पत्रपत्रिकाले दिने सुविधा यस गा पा नलिएको हुदा २५ प्रतिशत छुट सुविधा लिनु पर्ने रु | ३२,५५० |
| ३७ | | | | २७,३०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ५५/०७७/११/२९ ओम इन्टरप्राइजेज पान नं ६११४८१११९ लाइ त्रिपाल खरिद वाफत रु २१०००० भुक्तानी गर्दा मू अ कर वाफत कट्टी गरिएको रु २७३०० राष्ट्रिय वाणिज्य बैक दार्चुला बाट मू अ कर शिर्षक ३३३१४ मा जम्मा गरेको छ । उल्लेखित ओम इन्टरप्राइजेजबाट जारी विल मू अ करमा दर्ता भएको कर विजक नभएकोले सो रकम कसको खातामा जम्मा भयो यकिन नभएकाले बैक सँग सम्पर्क गरि कस्को खातामा जम्मा भयो एकिन गर्नुपर्ने रु | | |
| ३८ | | | ११५/०७८/३/२१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ अनुसार जुनसुकै खरिद वा सेवा लिएमा कर विजक जारी गर्नु पर्ने व्यवस्था छ । पालिकाले सम्झौता अनुसार विभिन्न तालिम सञ्चालन गरेको भनि समाज सुधार सुस्या नामक फर्मलाई कर विजक बेगर रु ३००००० भुक्तानी गरेको छ । तसर्थ उक्त संस्थाले कर विजक पेश गर्नु पर्ने रु | | ३००,००० |
| ३९ | | | स्थानीय र महंगि भत्ता सम्बन्धमा | | |
| ४० | | | सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२१ को मन्त्रीस्तरीय निर्णय अनुसार सबै निकायहरुमा एकरुपता कायम हुनेगरी स्वीकृत दरवन्दि भित्र करारमा रहेका ब्यक्तिहरुलाइ आ व २०७४।७५ बाट लागु हुनेगरी तोकिए बमोजिमको सेवा सुविधा उपलब्ध गराउने जानाकारी गराईएको छ। संघिय मामिला तथा सामान्य प्रसासन मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको च नं १५६ मिति २०७५।६।११ को पत्र अनुसार सबै स्थानीय तहमा सुचना प्रविधि अधिकृतको सेवा करारमा लिने गरि सामान्य प्रसासन मन्त्रालयको ०७४।४।२१ को मन्त्रीस्तरीय निर्णयको विपरीत महंगि भत्ता र दुर्गम स्थानीय भत्ताको सुविधा दिनेगरी करार कर्मचारी नियुक्ति गरि पठाइएको छ।यसरी एउटै निकायबाट सेवा सुविधाका सम्बन्धमा गरीने फरक निर्णय र परीपत्रले सुविधा प्रदानमा दुविधा देखियो।केन्द्रबाट नियुक्तिभई आउने करार कर्मचारीले महंगि भत्ता र स्थानीय भत्ताको सुविधा लिने तर स्थानीयस्तरबाट नियुक्ति हुने करार कर्मचारी सो सुविधाबाट बन्चित हुने अवस्थाले सेवा सुविधाका सम्बन्धमा एकरुपता देखिएन।समान तह र एउटै कार्यस्थलमा कार्यरत केन्द्रबाट नियुक्त कर्मचारीले महंगि भत्ता र स्थानीय भत्ता पाउदा स्थानीय तहका करार कर्मचारीले सो सुविधाबाट बन्चित हुदा सेवा प्रवाहमा समेत प्रभाव पर्ने देखिन्छ।लेखापरीक्षणको क्रममा बिभिन्न स्थानीय तहमा यसरी करारमा कर्मचारी नियुक्तिको सम्झौता गर्दा एकरुपता नभएको देखिएको छ।यस पालिका मा रहेको १० जना करार कर्मचारीलाई स्थानीय तथा महंगि भत्तामा रु. ८१२८८०.०० खर्च लेखेकोमा उल्लेखित निर्णयको सम्वन्धमा सम्बन्धित निकायबाट स्पष्ट निर्देशन भई आवश्यक कारवाही हुनुपर्ने देखियो । | | |
| ४१ | | | **दोहोरो भ्रमण खर्च**<br>भ्रमण खर्च नियमावली २०६४ अनुसार भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च दोहोरो पर्ने गरि लिनु हुदैन । यस पालिकाका उपाध्यक्ष श्री हेमा भट्टले निम्नानुसारको गो भौ नं र मितिमा विभिन्न शिर्षक बाट अनुगमन गरेको भनि भ्रमण खर्च भुक्तानी लिदा दोहोरो मितिमा पर्न गएकाले दोहोरो भ्रमण खर्च असुल गर्नु पर्ने रु | | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ नं मिति</th><th>भ्रमण अवधि</th><th>दोहोरो परेको भौ नं र मिति</th><th>दोहोरो अवधि</th><th>रकम रु</th></tr>
<tr><td>८६।०७७।१०।२६</td><td>०७७।६।११देखि०७७।६।१६ सम्म</td><td>५४।०७७।१०।२२</td><td>०७७।६।१२देखि०७७।६।१८ सम्म</td><td>१००००</td></tr>
<tr><td>१५८।०७८।१।१३</td><td>०७७।११।३ देखि०७७।११।९ सम्म</td><td>१२१।०७७।१२/३०</td><td>०७७।११।5 देखि०७७।११।९ सम्म</td><td>१००००</td></tr>
<tr><td>५४।०७७।१०।२२</td><td>०७७।१०।१४देखि०७७।१०।१९सम्म</td><td>१०२।०७८।३।९</td><td>०७७।१०।१०देखि०७७।१०।१९सम्म</td><td>१००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३००००</td></tr>
</table>
प्रतिक्रियाः मिति २०७९।१।२७ को निर्णयले प्रतिक्रियाबाट लगत कट्टा गरिएको ।
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>ग्यास सिलिन्डर वितरण<br>धुवाँमुक्त कार्यक्रम अन्तर्गत गत विगतकै कार्यक्रमलाई निरन्तरता दिँदै यो आर्थिक वर्षमा समेत रु.४० लाख विनियोजन गरेकोमा रु. ३७८३८४५/- खर्च भएको छ । जस अन्तर्गत यो आर्थिक वर्षमा ८४० थान सिलिण्डर खरिद भएको देखिन्छ । १३ हजार जनसंख्या भएको यस गाउँपालिकामा हालसम्म २२९३ सिलिण्डर ग्याँस वितरणका लागि खरिद भएको देखिएको छ । यसरी वितरण भएको ग्याँस सिलिण्डरको प्रयोगको अवस्था बारे अनुगमन गरेको पाईएन । गाउँपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय स्तरमा रोजगारी श्रृजना गर्ने जनताको जीवन स्तरमा आमुल परिवर्तन ल्याउने गरी आय आर्जन हुने क्षेत्रमा तर्जुमा गर्नुपर्नेमा सुविधाका नाममा वितरण मुखी कार्यक्रम ल्याउनु उपयुक्त देखिदैन भने गरेको कामको अनुगमन नगर्दा कसैले सो सुविधा नपाउने र कसैले दुरुपयोग गर्ने देखिन्छ । तसर्थ ग्याँस वितरणको सम्बन्धमा अनुगमन गरी प्राप्त गर्नेको लगत राख्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>अनुत्पादक तथा वितरणमुखी खर्च<br>खाना तथा विविध खर्च<br>:<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु १५६३०००।०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>आर्थिक सहायता<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आकस्मिक कोष कडारोगिहरुलाई राहत तथा विपद व्यवस्थापन शिर्षक प्रयोजनको लागि यो वर्ष १० व्यक्तिलाइ रु. ५०००००।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ४५ | | | **मन्दिर निर्माण तथा मर्मत**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न २१ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. ५११५००० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल पालिकाको पुँजिगत बजेटको ४.३० प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ । | |
| ४६ | | | **मापदण्ड बेगर अनुदान**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । व्यक्ति वा संस्थालाई दिइने अनुदान निश्चित मापदण्डमा आधारित हुनु पर्दछ । तर पालिकाले देहायका नाफामूलक प्रकृतिका संस्थालाई सोझै अनुदान रकम उपलव्ध गराएको देखियो । निश्चित मापदण्ड विना छनौट भएका व्यक्ति वा संस्थालाई दिइनर् अनुदान खर्चमा प्रभावकारी नियन्त्रण हुनु पर्दछ ।<br><br>**सि.नं.** \| **अनुदान पाउने संस्थाको नाम** \| **प्रयोजन** \| **अनुदान रकम**<br>१ \| शसस्त्र प्रहरि बल नेपाल दार्चुला \| भवन निर्माण \| २८८०००।०० | |
| ४७ | | | **अन्य कार्यालयको खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन गाउँपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |
| ४८ | | | **अनुदान प्राप्ति, वितरण र फिर्ता**<br>अनुदान फिर्ता<br>:<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा | |

| | | | देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइयो । | |
|---|---|---|---|---|

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता भएको रकम | फिर्ता हुन बाँकी रकम |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १६८९०९३५०।०० | १५३७९३२६६।५९ | १५११६०८३।४ | ०० |
| | विषेश | १७५०००००।०० | १५६४००००।०० | १८६००००।०० | ०० |
| | समपुरक | ०० | ०० | ०० | ०० |
| | अन्य | | | | |
| **प्रदेश सरकार** | शसर्त | ८६०७०००।०० | ८४९१४२०।०० | ११५५८०।०० | ०० |
| | विषेश | ६९०००००।०० | ६८६१३४०।०० | ३८६६० | ०० |
| | समपुरक | ९६०००००।०० | ८८३३९५३।०० | ७६६०४७।०० | ०० |
| | **जम्मा** | | | | |

| ४९ | | | **कर तथा शुल्क असूली** | |
|---|---|---|---|---|
| ४९.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पति कर | २५०००० | ६०७९२२।२१ | २४३ |
| भुमिकर मालपोत कर | ६००००० | १३५४२५७।६० | २२५ |
| सिफारिस दस्तुर | ३००००० | ५७५४२२ | १९१ |
| व्यवसाय कर | ३००००० | ३१३२०५ | १०४ |

४९.२ **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, **२०७४** को साबिक दफा ६४ को उपदफा १, १ (च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, **२०७५** द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७७ को दफा ८ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । सुदूरपश्चिम प्रदेश आर्थिक ऐन २०७७ को दफा ८(३) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, **२०७७** जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२ (क) बिपरित देखिन्छ । यस पालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट राजस्व प्राप्त गर्न सक्ने प्रशस्त सम्भावना रहेकोले गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।

५० **रकम ढिला दाखिला गर्ने**

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| ५१ | | | **उपभोक्ता समिति मार्फत कार्य**<br>उपभोक्ता समिति दर्ता<br>:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २५० उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू.२५००००००।०० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ५२ | | | समानीकरण पूँजीगत | |
| ५३ | | | **जनश्रमदान**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | ७२,८९३ |

| गो.भो.न र मिति | उ.सको नाम | जम्मा लागत | खुद काम | लागत सहभागिता हुनुपर्ने | ला.स. भएको | कम |
|---|---|---|---|---|---|---|
| १४१।०७७।१०।२८ | दुर्गाभवन मन्दिर उ.स. | ४८५९४४ | ७२८९१ | ७२८९१ | ६३०८३ | ९८०८ |
| १३१।०७७।१२।२९ | बएलिधार देखी छारूङ सम्म | ६९००६६ | ६८८६०७ | १०३५०९ | ८८६०७ | १४९०२ |
| २०६।०७७।१२।३१ | दुङकाङ **RCC** पुल निर्माण | ४७१७२४ | ४६३३५८ | ७०७५८ | ६३३५८ | ७४०० |
| २५२।०७८।०२।१८ | रानीस्थान बराहमाण्डु मन्दिर निर्माण | १०९३५९७ | ९७७९३५ | २१८७१९ | १७७९३६ | ४०७८३ |
| | | | | | जम्मा | ७२८९३ |

५४

**मूल्य अभिवृद्धि कर कट्टि**

आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रू. २७१४४.कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ मु.अ.कर समायोजन पेश गर्नुपर्ने रू.

२७,१४४

| भौचर नं र मिति | भुक्तानी पाउनेको नाम | पान नं. | भुक्तानी रकम | मू.अ.कर रु. | ३० प्रतिशत मू.अ.कर रकम |
|---|---|---|---|---|---|
| 355/078/3/25 | सान ईन्जिनियरिङ कन्सल्टेन्सी सर्भिस कञ्चनपुर | 100217180 | 396630/- | 45630/- | 13689/- |
| 356/078/3/25 | इ.एफ.आई नेपाल प्रा.लि.महेन्द्रनगर | 606906911 | 389850/- | 44850/- | 13455/- |
| जम्मा | | | | | 27144 |

५५

**पत्थरकोट सामुदायिक**

भवन निर्माण व्यास ४ को निर्माण कार्यको अनुगमन समितिको २०७८।०२।१७ प्रतिवेदनमा मुल ढोकाको पेन्ट नलगाएको, रंगरोगन राम्रोसँग नभएको, भित्री भागमा प्लाष्टर राम्रो नभएको र प्राभिधिक मुल्याङकन गरी भुक्तानी दिने भन्ने व्यवस्था विपरीत पालिकाले प्राविधिक मुल्याङ्कन नगरी खर्च लेखेकाले रू.१३७६०००.०० खर्च प्राविधिक समितिको मुल्याङ्कन सहित नियमित गर्नुपर्ने रू.

१,३७६,०००

५६

**सामुदायिक भवन**

पालिकाले सामुदायिक भवन निर्माण तर्फ ९ वटा भवन निर्माण गर्न रू.१०८०००.०० खर्च गरेको छ । तर पालिकाले निर्माण गरेका भवनहरूको संचालन कसरी गर्ने र संचालन के कसरी गर्ने सम्बन्धमा कुनै कार्यविधी नवनेकोले यी भवनको सदुप्रयोग हुन सक्ने देखिएन । कार्यविधी वनाइ संचालन संरक्षण गर्नु पर्दछ ।

| क्र.स | सामुदायिक भवन रहेको स्थान | वडा नं | बनेको साल | सम्पन्न लागत |
|---|---|---|---|---|
| १ | तिंकर सामुदायिक भवन | वडा नं १ | २०७५ | ६०००००। |
| २ | राप्ला सामुदायिक भवन | वडा नं २ | २०७६ | १५०००००। |
| ३ | दुम्लिङ्ग सामुदायिक भवन | वडा नं २ | २०७६ | १००००००। |
| ४ | सिना सामुदायिक भवन | वडा नं ३ | २०७६ | १००००००। |
| ५ | खातीगाँउ सामुदायिक भवन | वडा नं ४ | २०७७ | १००००००। |
| ६ | पथरकोट सामुदायिक भवन | वडा नं ४ | २०७७ | १५०००००। |
| ७ | डोकट सामुदायिक भवन | वडा नं ४ | २०७७ | १५०००००। |
| ८ | चुकपानी सामुदायिक भवन | वडा नं ५ | २०७६ | १००००००। |
| ९ | हुती सामुदायिक भवन | वडा नं ६ | २०७७ क्रमागत | १७०००००। अनुमानीत |

५७

**कार्य सम्पादन जमानत सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा संझौता गर्दा कार्य सम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख छ । यसरी राखिने कार्य सम्पादन जमानत सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ अनुसार हुनुपर्ने छ। नियमावलीको नियम ११०(४) मा खरिद संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम १ बमोजिमको कार्य सम्पादन जमानतको मान्य अवधि त्यस्तो संझौतामा उल्लेखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्ने अन्तिम अवधि सम्मको हुने त्यस्तै निर्माण कार्यको हकमा त्रुटी सच्याउने अवधि भन्दा कम्तीमा एक महिन बढीको हुनुपर्ने उल्लेख छ । पालिकाबाट भएका तपसिल बमोजिमका कार्यको कार्यसम्पादन जमानतको सम्बन्धमा देखिएका व्यहोराहरु तपसिल बमोजिम छन् ।

| | | | | |
|---|---|---|---|---|
| ५८ | | | ४०/०७७/९/२ ग्याबिन जाली खरिद वापत ब्रम्ह निर्माण सेवा सप्लायर्स म.न.पा.-३ सँग रु. ९०५६७३/- को लागि मिति २०७७/७/२१ मा मिति ०७७/८/१८ मा कार्य सम्पन्न गर्ने गरी संझौतामा भएको देखियो । संझौता अनुसार रु. ४५२८३/६५ कार्य सम्पादन जमानत राख्नुपर्नेमा राखेको पाईएन । संझौतमा उल्लेख भएअनुसार जमानत नराखी कार्य सम्पन्न गरेको पाईयो । | |
| ५९ | | | ठेक्का नं.११/०७७/०७८ को साना तिंकर देखि तातोपानी जाने सडक निर्माण कार्यका लागि रिठगेड कन्सट्रक्सन एण्ड सप्लायर्स व्यास-४ दार्चुला सँग मिति २०७८/२/२१ मा रु. ४७४६४५२/-(मू.अ.कर समेत)संझौता भएकोमा उक्त कार्य २०७८/३/२० मा सम्पन्न गर्ने उल्लेख छ । संझौता अनुसार उक्त कार्यको लागि रु. २३७३२३/- को मिति २०७९/४/१९ सम्मको कार्यसम्पादन जमानत राख्नुपर्नेमा मिति ०७८/९/३० सम्मको रु. २११०००/- को कार्य सम्पादन जमानत राखेकोले नियमानुसार राख्नुपर्ने भन्दा रु.२६३२३/- घटी जमानत राखेको छ।उक्त कार्य समयमा नसकिएको र आ.व. ०७८/७९ मा बजेट विनियोजन नभएको देखिएकोले समयमा कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ भने कार्य सम्पादन जमानत नियमानुसार राख्न लगाउनुपर्ने देखिएको रु.. | २३७,३२३ |
| ६० | | | ठे.नं. १२/०७७/०७८/ कोरकोटमा देखि पथरकोट सडक निर्माण कार्यका लागि सनिथान निर्माण सेवा व्यास-४ सँग मिति ०७८/२/११ मा मिति ०७८/३/२० मा कार्य सम्पन्न गर्ने गरी रु. १६२१६८५/६० मा संझौता भएकोमा नियमानुसार रु. ८१०८४/- कार्य सम्पादन जमानत राख्नुपर्नेमा रु. ७१७५६/- मात्र पालिका धरौटी खातामा राखेकोले नियमानुसार राख्नुपर्ने जमानत भन्दा रु. ९३२८/- घटी राखेको हुँदा थप जमानत वापत राख्नुपर्ने रु... | ९,३२८ |
| ६१ | | | **पेश्की दिने र फर्छ्यौट गर्ने सम्बन्धमा**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(क १) बमोजिम सार्वजनिक निकायले खरिद संझौता पश्चात बैक जमानतका आधारमा संझौता रकमको २० प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने उल्लेख छ ।त्यस्तै दफा ५२(क २) मा उपनियम १बमोजिम पेश्की दिँदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधारमा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने उल्लेख छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ११३(२) अनुसार उपनियम १ बमोजिम दिएको पेश्की रकम जम्मा भएको बैक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनुपर्ने उल्लेख छ। पालिकाले तपशिल बमोजिमको ठेक्कामा ऐन तथा नियमको विपरीत शुरुमा २० प्रतिशत पेश्की दिएको पाईएकोले त्यस्तो कार्यमा रोक लगाउनुपर्छ। | |

| सि.नं. | कामको विवरण | संझौता रकम | शुरुमा पेश्की दिएको रकम |
|---|---|---|---|
| 1 | ठे.नं6/077/78 समपाल मा.वि.भवन निर्माण(नि.व्य. रोयल एल.बी एण्ड एसी जेभी) | 39691482/- | 6800000/- |
| 2 | ठे.नं.11/077/78 साना तिंकर देखि तातोपानी जाने सडक (रिडगेड कन्सट्रक्सन एण्ड सप्लायर्स व्यास 5) | 4746452/- | 840000/- |
| 3 | ठे.नं.1/076/77 प्रशासकीय भवन निर्माण (रोयल एल.बी एण्ड एसी जेभी) | 106981288/83 | 18000000/- |

६२ **नर्म्स भन्दा बढी दर राखी ल. ई. तयार र भुक्तानी**

६२.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने सम्बन्धी व्यवस्था छ। नियम १०(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्य सम्बन्धी गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्स बमोजिम लागत अनुमान तयार गर्ने उल्लेख छ । पालिका अन्तर्गत निर्माणाधिन भवन सम्बन्धी कार्यको लागि भवन निर्माण तथा शहरी विकास कार्यालयको नर्म्स प्रयोग भएकोमा सो नर्म्समा उल्लेखित परिमाण भन्दा फरक परिमाणमा नर्म्स तयार गरेको पाईयो । तपशिल बमोजिमका दुई कार्यको दर विश्लेषण हेर्दा सो कार्यमा प्रयोग हुने नर्म्स अनुसारको परिमाण भन्दा फरक परिमाण राखेकोले लागत अनुमान दर बढी हुन गएको देखिएको छ।

६२.२ **Providing,mixing, plaining compacting and curing pcc of grade m१०**(1:3:6) **in leveling course foundation** जसमा नर्म्स अनुसार १० एम.एम स्टोन प्रति घ.मि.0.११० लाग्ने र सोको दर प्रति घ.मी. रु.४३७.४९ हुनेमा प्रति घ.मि. 0.२४ लाग्ने देखाई प्रति घ.मि. रु.९५४.५३ ले नर्म्स तयार गरेको पाईयो । यसले गर्दा **PCC (**1:3:6) को दर नर्म्स अनुसार रु. १५२२९.१५ (१५ % ओभरहेड) समेत हुनेमा लागत अनुमान तयार गर्दा रु. १५८२३.७६ (ओभरहेड समेत) राखेकोले प्रति घ.मी. रु. ५९४.६१ ले बढी नर्म्स तयार भएको छ ।

६२.३ **Providing,mixing, plaining compacting and curing PCC for RCC of grade mm२०**(1:5:3) **by nominal mix** जसमा नर्म्स अनुसार दक्ष ज्यामफ प्रति घ.मी.0.५ले रु. ४७५/- लाग्नेमा 0.८ राखेको र अदक्ष ज्यामी ३०५ ले प्रति घ.मी रु. २२७५/-

 https://nams.oag.gov.np

लाग्नेमा ७ देखाई लागत अनुमान तयार भएकोले दक्ष ज्यामी प्रति घ.मी रु. २८५/- ले र अदक्ष ज्यामीको प्रति घ.मी रु. २२७५/- समेत उक्त काममा प्रति घ.मी रु. २५६०/- ले बढी दरमा लागत अनुमान तयार भएको छ ।

६२.४ यसरी तयार भएको नर्म्सको दर अनुसार लागत अनुमान तयार गरी निर्माण कार्यको बोलपत्र आव्हान भएकोमा तपशिल बमोजिमका भवन निर्माण कार्यको निर्माण व्यवसायीले माथि उल्लेखित कार्यको लागि लागत अनुमानमा उल्लेखित दर भन्दा बढीमा कबोल रकम सम्बन्धमा सो सँग सम्बन्धित पक्षलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.... १,४४४,९२३.१८

| कामको विवरण | परिमाण | हालसम्म भुक्तानी परिमाण | बढी राखेको दर | बढी भुक्तानी रकम भ्याट समेत |
|---|---|---|---|---|
| ठे.नं6/077/78 समपाल मा.वि.भवन निर्माण(नि.व्य. रोयल एल.बी एण्ड एसी जेभी) | Pcc 1:3:66० घ.मी pcc for | 75.97 | 594.6 | 51044 |
| | Rcc m20 314.43 | 132.54 | 2560 | 339302.4 |
| ठे.नं.1/076/77 प्रशासकीय भवन निर्माण (रोयल एल.बी एण्ड एसी जेभी) | Pcc m10-75.50 | 65.84 | 594.6 | 44237.78 |
| | pcc m20-618.97 | 349.26 | 2560 | 1010339 |
| | | | जम्मा रु. | **1444923.18** |

६३ **खरिद व्यवस्थापन**

डिपिआर खर्च

:

सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कार्य विवरण</td><td>परामर्शदाता</td><td>स्वीकृत रकम</td><td>खर्च रकम</td><td>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</td></tr>
<tr><td>वडा कार्यालयहरुको भवन निर्माण</td><td>स्काई रिसर्च एण्ड कन्सल्टेन्सि प्रा लि</td><td>२००००००।००</td><td>४०००००।००</td><td>२० करोड १७ लाख</td></tr>
<tr><td>खानेपानि लिप्टीङ्ग निर्माण</td><td>समाज कल्याण समाज दार्चुला</td><td>८०००००।००</td><td>७९३२६०।००</td><td>४,३०,००,०००.००</td></tr>
<tr><td colspan="3">जम्मा:</td><td>११९३२६०.००</td><td></td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>सवारी साधन खरिद<br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले 1 थान दुई पांग्रे सवारि साधन खरिदमा रु२७४९००।००खर्च गरेका छन।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>सफ्टवेयर खरिद<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु ४५२०००।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>निर्माण कार्यको गुणस्तर<br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको</td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतःनियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ । | |
| ६७ | | | **शिक्षातर्फ**<br>शिक्षक दरबन्दी र पदपूर्ति<br>:<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |


https://nams.oag.gov.np

| सि.नं. | विद्यालयको नाम | शिक्षक | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री गणेश प्रा.वि.वाननी | ३ | ० | ० | २७ |
| २ | श्री हूस्कर प्रा.वि.खातीगाउ | १ | ० | ० | ९ |
| ३ | श्री मालिकार्जून प्रा.वि.पन्तोली | ३ | ० | ० | १७ |
| ४ | श्री ल६बाव प्रा.वि. जयपूर | २ | ० | ० | ३८ |
| ५ | श्री रानीस्थान प्रा.वि.हूती | ३ | ० | ० | ८२ |
| ६ | श्री रानीस्थान प्रा.वि. पानिखाल | २ | ० | ० | ५३ |
| ७ | श्री बसन्तपूर मा.वि.बसेडी | ८ | ० | ० | २२४ |
| ८ | श्री हिमालय मा.वि.हूती | ११ | ० | ० | १६२ |
| ९ | श्री प्रा.वि.चन्दाकोट | ३ | ० | ० | ३३ |
| १० | श्री गिता भवन प्रा.वि.तिग्रम | ३ | ० | ० | ३० |
| ११ | श्री दूर्गास्थान मा.वि.स्याकू | ७ | ० | ० | २८२ |
| १२ | श्री चौरीधार प्रा.वि.नाजी | ३ | ० | ० | ४० |
| १३ | श्री हूस्कर प्रा.वि.डोकट | २ | ० | ० | ५८ |
| १४ | श्री ब्ह्मस्थान नि.मा.वि.डोकट | ३ | ० | ० | १८९ |
| १५ | श्री ब्ह्मदह प्रा.वि.डोब | २ | ० | ० | ३९ |
| १६ | श्री पन्चदेवा प्रा.वि.दम्फा | ३ | ० | ० | ४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | श्री चन्द्र प्रा. वि. मडगाउँ | ३ | ० | ० | २९ |
| १८ | श्री सम्पाल मा.वि.सून्सेरा | ११ | १ | १ | ४३४ |
| १९ | श्री सि४ मा.वि. सिना | ८ | १ | १ | ३३१ |
| २० | श्री महादेव प्रा.वि.तूसरपानी | २ | १ | १ | ११ |
| २१ | श्री भूमिराज प्रा.वि.सल्याडी | २ | ० | ० | २१ |
| २२ | श्री सिरसिन्धार नि.मा.वि.राप्ला | ६ | १ | १ | ४७ |
| २३ | श्री रानीस्थान प्रा.वि.माल | ३ | ० | ० | ५१ |
| २४ | श्री सर्वहित नि.मा.वि.दूम्लिङ | ३ | १ | १ | ६९ |
| २५ | श्री नमजूङ प्रा.वि.दूम्लिङ | २ | ० | ० | २८ |

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

६८

**विद्यालयगत निकासा रजिष्ट्रर**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट्र विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

६९

**प्रमाण पेश गर्नुपर्ने**

शिक्षा नियमावली, २०४९ मा विद्यालयले शिक्षकको तलब भत्ताको चौमासिक निकासा माग गर्दा अघिल्लो चौमासिकमा निकासा लिएको रकमबाट शिक्षकको संचय कोष, नागरिक लगानी कोष तथा अन्य कोष कट्टी र कर रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाका कुनै पनि विधालयले तलव भत्ता माग गर्दा फाँटवारी पेश गर्ने गरेको देखिएन ।



https://nams.oag.gov.np

७०

**स्वास्थ्य शसर्ततर्फ**

प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ । पालिकाले रु. २० लाखका विभिन्न ४५ प्रकारका औषधि खरिद गरेकोमा ४५ प्रकारका औषधिका बयाच नं. तथा म्याद समाप्त हुने मिति उल्लेख नगरेको विवरण प्राप्त भयो । यसरी खरिद गरिएका जसका केही उदाहरणहरु निम्नानुसारका रहेका छन् । अतः तोकिए अनुसार औषधी खरिद कारबाही गर्ने तर्फ ध्यान दिनु पर्दछ।

| सि.न | औषधीको नाम | म्याद समाप्त हुने मिति | अवधि | परिमाण | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | metronidazol | ====== | ==== | १०००० | ३०००० | |
| २. | cipro 250 mg | ... | .... | १०००० | ४८००० | |
| ३. | Benlir cream | ==== | ..... | ६०० | ३६००० | |
| ४. | tybro 10 mg | ....... | ............. | २००० | २३००० | |
| ५ | Albendazol 400 mg | ... | ..... | ६००० | ४०८०० | |
| ६ | Ceterizine 10 mg | ======= | ======= | १०००० | ३५००० | |
| | जम्मा | | | | २१२८०० | |

७१

**औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु. २० लाखका औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

७१.१

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

| | | | | |
|---|---|---|---|---|
| ७१.२ | | | आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । | |
| ७१.३ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ७१.४ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | |
| ७१.५ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
